# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd

CDS and Clearing Ltd.

पत्र संख्या : २०७७/७८ — ९१

चलानी नं. ६०३

## धितोपत्र कारोवार राफसाफ तथा फछ्यौंट चक्र T+2 कायम गरिएको सूचना!!!

धितोपत्र कारोबारको राफसाफ तथा फछ्यौंट चक्रलाई दुई कार्य दिन भित्र सम्पन्न गर्ने उद्देश्यले **धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९** को उपविनियम १३ लाई संशोधन गरि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिका लागि पेस गरिएकोमा मिति २०७७।०९।२४ मा बोर्डबाट स्वीकृति प्राप्त भएको हुँदा यस लि. को सञ्चालक समितिको निर्णयानुसार मिति २०७७।१०।११ गते देखि हुने कारोबारको राफसाफ तथा फछ्यौंट यसै संशोधित विनियमावली अनुसार कारोबार भएको दिन बाहेक २(दुई) कार्य दिन (T+2) मा हुने व्यवस्था गरिएको जानकारी गराइन्छ।

संशोधित विनियमावली अनुसार राफसाफ तथा फछ्यौंट गर्नका लागि सम्बन्धित सरोकारवालाहरू ले देहाय बमोजिमको व्यवस्था गर्नुहुन अनुरोध छ।

**लगानीकर्ताले गर्नुपर्ने:**

१. धितोपत्रको विक्री कारोबार गर्ने लगानीकर्ताले आफूले विक्रि गरेको धितोपत्रको राफसाफ तथा फछ्यौंटका लागि e-DIS जारी गर्दा T+1 अर्थात् कारोबार भएको मितिको भोलिपल्ट भित्रमा जारी गरिसक्ने। e-DIS जारी गर्न नसक्ने लगानीकर्ताले T+1 भित्र भौतिक निर्देशन पूर्जी जारी गरी सम्बन्धित निक्षेप सदस्यकोमा बुझाउने।

२. धितोपत्रको खरिद कारोबार गर्ने लगानीकर्ताले आफूले खरिद गरेको धितोपत्र बापतको रकम सम्बन्धित राफसाफ सदस्यलाई T+1 अर्थात् कारोबार भएको मितिको भोलिपल्टै बुझाउने।

**राफसाफ सदस्यले गर्नुपर्ने:**

१. धितोपत्रको विक्री कारोबार गर्ने राफसाफ सदस्यले सम्पूर्ण विक्री कारोबारको पूँजीगत लाभकर गणनाका लागि आवश्यक WACC सम्बन्धी विवरण विक्रीकर्ता लगानीकर्ता बाट प्राप्त गरि T+2 को बिहान ११ बजे भित्र राफसाफ तथा फछ्यौंट प्रणाली(CNS) मा प्रविष्टि गर्ने।

२. धितोपत्रको विक्री कारोवार गर्ने राफसाफ सदस्यले सम्पूर्ण विक्री कारोबारको राफसाफ तथा फछ्यौंट कार्यका लागि आवश्यक धितोपत्र आफ्नो राफसाफ खातामा जम्मा भएको यकिन गरि कुनै विक्री कर्ताले निर्धारित समयावधि भित्र आफ्नो राफसाफ खातामा जम्मा नगराएको खण्डमा T+2 को मध्यान्न १२ बजे भित्र सो विक्रिकर्ताको विक्री कारोबारको Shortage Mark गरिसक्ने।

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np

पत्र संख्या : २०७७/७८ – ९१
चलानी नं. : ६०३

CDS and Clearing Ltd.

३. धितोपत्रको खरिद कारोबार गर्ने राफसाफ सदस्यले सम्पूर्ण बिक्री तथा खरिद कारोबारको गणना गरि सो को नेटिङ्ग पश्चात् हुने रकम तथा अन्य कमिसन बुझाउनुपर्ने देखिएमा T+2 को मध्यान्न १२ बजे भित्र आफ्नो राफसाफ बैंकमा रहेको राफसाफ खातामा जम्मा गरिसक्ने।
४. धितोपत्रको खरिद कारोवार गर्ने राफसाफ सदस्यले राफसाफ भैसकेको धितोपत्र सम्बन्धित खरिदकर्ताको हितग्राही खातामा T+2 मा राफसाफ तथा फछ्यौंट सम्पन्न भए पश्चात् यथाशीघ्र राफसाफ तथा फछ्यौंट प्रणाली (CNS) मार्फत् हस्तान्तरण गर्ने।

**निक्षेप सदस्यले गर्नुपर्नेः**

१. निक्षेप सदस्यले हरेक दिन बिहान ११ बजे भित्रमा मेरो शेयर मार्फत् प्राप्त e-DIS को फाईल जेनेरेट गरि केन्द्रीय निक्षेप प्रणालीमा (CDAS) अपलोड गरि सोको कारोबार सफल भएको यकिन गरि मेरो शेयरमा सो e-DIS फाईल प्रोसेस गर्ने।
२. e-DIS जारी गर्न नसक्ने लगानीकर्ताले प्रदान गरेको भौतिक निर्देशन पूर्जी तत्काल प्रणालीमा प्रविष्टि गरि सो को जानकारी सम्बन्धित लगानीकर्तालाई प्रदान गर्ने।

**राफसाफ बैंकले गर्नुपर्नेः**

१. हरेक दिन राफसाफ तथा फछ्यौंट प्रणालीमा प्राप्त निर्देशन बमोजिम राफसाफ सदस्यको पुल खाताहरू, राफसाफ गृहको राफसाफ खाता तथा विभिन्न कमिसन खाताहरूमा आवश्यक रकम डेविट वा क्रेडिट गरि सो को जानकारी प्रणालीमा प्रविष्टि गर्ने।

परिमार्जित चक्र अनुसार धितोपत्रको राफसाफ तथा फछ्यौंट कार्य निर्धारित समयावधि भित्र सम्पन्न गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूले आ-आफ्नो दायित्व पुरा गरि राफसाफ प्रक्रिया सम्पन्न गर्नुहुन अनुरोध छ। धितोपत्र कारोबारको राफसाफ तथा फछ्यौंट चक्र छोटिए संगै बजारमा धितोपत्रको तरलतामा वृद्धि हुन गई समग्र पूँजी बजार थप चलायमान हुने र सो बाट लगानीकर्ताहरु थप लाभान्वित हुने विश्वास लिइएको छ।

मितिः २०७७।१०।०५

२०७७।१०।५

पूर्णप्रसाद आचार्य

प्रमुख कार्यकारी अधिकृत